# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाडौं, जेठ २२ गते, २०७५ साल (संख्या ८


# भाग ३

नेपाल सरकार

## अर्थ मन्त्रालयको

सूचना-१

### मूल्य अभिवृद्धि कर (बीसौं संशोधन) नियमावली, २०७५

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "मूल्य अभिवृद्धि कर (बीसौं संशोधन) नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा संशोधन : मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को ठाउँ-ठाउँमा रहेका "गाउँ विकास समिति" भन्ने शब्दहरुको सट्टा "गाउँपालिका" भन्ने शब्द राखिएको छ ।

## सूचना-२

### अन्तःशुल्क (अठारौं संशोधन) नियमावली, २०७५

अन्तःशुल्क नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

अन्तःशुल्क ऐन, २०५८ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरूको नाम "अन्तःशुल्क (अठारौं संशोधन) नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **अन्तःशुल्क नियमावली, २०५९ को नियम १६ मा संशोधन** : अन्तःशुल्क नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम १६ को उपनियम (३) पछि देहायका उपनियम (४) र (५) थपिएका छन् :-

"(४) वाइनको उत्पादन गर्दा पेटेन्ट स्टील ट्याङ्क वा काठको भाँडा (भ्याट) मा राखी फर्मेन्टेशन गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिमको व्यवस्था संवत् २०७६ साल वैशाख १ गतेदेखि लागू हुनेछ ।"

३. **मूल नियमावलीको नियम २९ग. मा संशोधन** : मूल नियमावलीको नियम २९ग. मा रहेका "संवत् २०७४ साल माघ १ गते देखि" भन्ने शब्दहरु झिकिएका छन् ।

४. **मूल नियमावलीमा नियम ३० क. थप** : मूल नियमावलीको नियम ३० पछि देहायको नियम ३०क. थपिएको छ :-

"३०क. **अन्तःशुल्क टिकट नष्ट गर्ने** : (१) विभागमा मौज्दात रही प्रयोगमा ल्याउन नमिल्ने अवस्थाका अन्तःशुल्क

टिकट नष्ट गर्न देहाय बमोजिमको एक समिति रहनेछ :-

(क) महानिर्देशकले तोकेको विभागको सम्बन्धित विषय हेर्ने निर्देशक - संयोजक

(ख) जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(ग) कोष तथा लेखा नियन्त्रक कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(घ) जिल्ला सरकारी वकिल कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(ङ) जिल्ला प्रहरी कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(च) विभागको अन्तःशुल्क शाखाको अधिकृत - सदस्य सचिव

(२) आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा मौज्दात रहेका प्रयोगमा ल्याउन नमिल्ले अवस्थाका अन्तःशुल्क टिकट नष्ट गर्नको लागि देहाय बमोजिमको एक समिति रहनेछ :-

(क) सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयको प्रमुख कर अधिकृत - संयोजक

(ख) जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(ग) कोष तथा लेखा नियन्त्रण कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(घ) जिल्ला सरकारी वकिल कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(ङ) जिल्ला प्रहरी कार्यालयको अधिकृतस्तरको प्रतिनिधि - सदस्य

(च) आन्तरिक राजस्व कार्यालय

वा करदाता सेवा कार्यालयको
अन्त:शुल्क अधिकृत - सदस्य सचिव

(३) उपदफा (१) र (२) बमोजिमको समितिले विभागले बनाएको कार्यविधि बमोजिम विभाग, आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा रहेका प्रयोगमा ल्याउन नमिल्ने अन्त:शुल्क टिकट नष्ट गर्न सक्नेछ।"

५. मूल नियमावलीको अनुसूची-२ मा संशोधन : मूल नियमावलीको अनुसूची-२ को सट्टा देहायको अनुसूची-२ राखिएको छ :-

"अनुसूची-२
(नियम ३ र ५ सँग सम्बन्धित)

**इजाजतपत्र दस्तुर र नवीकरण दस्तुर**

इजाजतपत्र लिनु पर्ने वस्तु तथा सेवाको इजाजतपत्र दस्तुर र नवीकरण दस्तुर देहाय बमोजिम हुनेछ :-

| सि.नं. | विवरण | दर रु. |
|---|---|---|
| १. | **मदिरा र इथानोल उत्पादन तर्फ** | |
| (क) | स्प्रिट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. १,९५,०००।- |
| (ख) | वियर उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. १,९५,०००।- |
| (ग) | ईथानोल उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. १,९५,०००।- |
| (घ) | वाईन/व्राण्डी (फलफूलमा आधारित) मात्र बनाउने प्रतिष्ठानको लागि | रु. ९६,०००।- |
| (ङ) | अन्य मदिरा उत्पादनका लागि | रु. १,९५,०००।- |
| (च) | चुरोट उत्पादन गर्ने प्रतिष्ठानको लागि | रु. २,४०,०००।- |
| २. | **मदिरा बिक्री वितरण तर्फ** | |
| (क) | **होटल, रेष्टुरेण्ट तथा लजहरूको लागि** | |

| | | |
|---|---|---|
| (१) | पाँचतारे होटल | रु. ६०,०००।- |
| (२) | चारतारे होटल | रु. ४८,०००।- |
| (३) | तीनतारे होटल | रु. ३६,०००।- |
| (४) | दुईतारे होटल | रु. २४,०००।- |
| (५) | एकतारे होटल | रु. १२,०००।- |
| (६) | स्वदेशी तथा विदेशी मदिरा बोतल खोली बिक्री वितरण गर्ने पर्यटक स्तरको रेष्टुरेण्ट तथा रिसोर्ट | रु. ८,५००।- |
| (७) | स्वदेशी मदिरा बोतल खोली बिक्री वितरण गर्ने साधारण होटल, रेष्टुरेण्ट र बार तथा लज | रु. ४,५००।- |
| **(ख)** | **मदिरा विक्रेताको लागि :** | |
| (१) | मदिरा वितरक | रु. ३६,०००।- |
| (२) | थोक बिक्रेता | रु. २४,०००।- |
| (३) | स्वदेशी तथा विदेशी मदिरा बिक्री गर्ने खुद्रा बिक्रेता | रु. १२,०००।- |
| (४) | महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकामा स्वदेशी मदिरामात्र बिक्री गर्ने खुद्रा बिक्रेता | रु. ८,५००।- |
| (५) | महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका बाहेकका अन्य क्षेत्रमा स्वदेशी मदिरामात्र बिक्री गर्ने खुद्रा बिक्रेता | रु. ४,५००।- |
| (६) | डिपार्टमेण्टल स्टोर | रु. २४,०००।- |
| **(ग)** | **मदिरा निकासी तथा पैठारीकर्ताको लागि** | |
| (१) | विदेशी मदिरा र स्प्रिट पैठारीकर्ता | रु. ४८,०००।- |
| (२) | मदिरा निकासीकर्ता | रु. ६,०००।- |

| | | |
|---|---|---|
| ३. | **पैठारी तथा अन्य वस्तु खरिद बिक्री र उत्पादन तर्फ** | |
| (क) | विदेशी चुरोट र सिगार | रु. ४८,०००।- |
| (ख) | सुर्ती तथा सुर्तीजन्य वस्तु (विदेशी | रु. ४८,०००।- |

| | | |
|---|---|---|
| | खैनी, जर्दा, नश तथा पानमसाला आदि) पैठारी गर्नेको लागि | |
| (ग) | पानमसला, चुरोट, खैनी, जर्दा, नश, सुर्ती, तथा सुर्तीजन्य वस्तु थोक बिक्री | रु. ७,२००।- |
| (घ) | पानमसाला, खैनी, जर्दा, नश, सुर्ती तथा सुर्तीजन्य वस्तु (चुरोट बाहेक) उत्पादन गर्नेको लागि | रु. १,२०,०००।- |
| (ङ) | चुरोट, खैनी, जर्दा, नश, पानपराग तथा पानमसला खुद्रा खरिद बिक्री गर्नेको लागि | रु. २,०००।- |
| (च) | विदेशी खुदो र गुँड पैठारी गर्नेको लागि | रु. १८,०००।- |
| (छ) | खुदो, गुँड र स्प्रिट खरिद बिक्री (निकासी समेत) गर्नेको लागि | रु. ६,०००।- |
| (झ) | नेपाल बाहिर चुरोट र अन्य सुर्तीजन्य वस्तुहरु निकासीकर्ता | रु. ६,०००।- |
| (ञ) | माथि खण्ड (क) देखि (झ) सम्म उल्लेख नभएका तर स्वदेशमा उत्पादन गर्दा अन्तःशुल्क लाग्ने वस्तुहरु पैठारी गर्नेको लागि | रु. १२,०००।- |
| (ट) | पावर क्रसर प्रयोग गरी उत्पादन हुने सख्खर (गुण), कालो सख्खर, रसकट उत्पादन गर्ने देहाय बमोजिमका उद्योगको लागि :- | |
| | (१) भर्टिकल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्स पावरसम्मको) | रु. २४,०००।- |
| | (२) होरिजेन्टल रोलर प्रयोग गर्ने उद्योगको लागि (दश हर्स पावरभन्दा बढीको) | रु. ४८,०००।- |
| ४. | माथि प्रकरण १, २ र ३ मा उल्लेख | |

| | | |
|---|---|---|
| | भए बाहेकको हकमा प्रतिष्ठानको स्थिर पूँजीको आधारमा प्रत्येक एक लाख रुपैयाँ स्थिर पूँजी भएको प्रतिष्ठानलाई साठी रुपैयाँका दरले उत्पादन इजाजतपत्र दस्तुर लाग्नेछ । यस्तो इजाजतपत्र दस्तुर न्यूनतम् आठ हजार रुपैयाँभन्दा कम र अधिकतम् अड्चालीस हजार रुपैयाँभन्दा बढी हुने छैन । | |

द्रष्टव्य :

यस अनुसूची बमोजिमको दस्तुर दुर्गम क्षेत्रका फलफुलमा आधारित वाइन एवम् मदिरा उद्योगको हकमा पचहत्तर प्रतिशतले कम लाग्नेछ ।"

६. मूल नियमावलीको अनुसूची-३ मा संशोधन : मूल नियमावलीको अनुसूची-३ को,-

(१) खण्ड (क) र (ख) को सट्टा देहायका खण्ड (क) र (ख) राखिएका छन् :-

"(क) **इजाजतपत्रवालाले पालना गर्नु पर्ने शर्तहरू :**

१. इजाजतपत्र प्रत्येक आर्थिक वर्षको श्रावण महिनाभित्र नवीकरण गराइसक्नु पर्नेछ ।

२. इजाजतपत्र सबैले देख्ने गरी कारोबार स्थलमा राख्नु पर्नेछ ।

(ख) **मदिरा व्यवसायीले पालना गर्नुपर्ने शर्तहरु :**

१. होटल र रेष्टुरेन्ट बाहेक मदिराको कारोबार गर्ने इजाजतपत्रवालाले मदिरा र सूर्तीजन्य वस्तुको मात्र कारोबार गर्नु पर्नेछ ।

२. डिपार्टमेण्टल स्टोरले मदिराजन्य पदार्थ बिक्री गर्ने प्रयोजनको लागि अलग्गै बिक्री कक्षको व्यवस्था गर्नु पर्नेछ ।

३. प्रत्येक बोतलको बिर्को र बोतलमा पर्ने गरी अन्तःशुल्क टिकट टाँसी निष्कासन गर्नु पर्नेछ ।

४. मदिरा खरिद बिक्री गर्ने इजाजतपत्रवालाले मदिरा खरिद बिक्री गरेको बीजक राख्नु पर्नेछ ।

५. इजाजतपत्रवालाले प्रत्येक बोतलमा अन्तःशुल्क टिकट टाँस भएका मदिरा मात्र बिक्री गर्नु पर्नेछ ।

६. अठार वर्ष उमेर नपुगेका व्यक्तिलाई मदिरा खरिद बिक्री गर्ने कार्यमा लगाउन पाइने छैन ।

७. गर्भवती महिलालाई मदिरा खरिद बिकी गर्न, गराउन पाइने छैन ।

८. बिहान १०:०० बजे देखि राती १०:०० बजेसम्म मात्र मदिरा बिक्री वितरण गर्नु पर्नेछ ।

९. अन्तःशुल्क ऐन, २०५८ तथा मदिरा ऐन, २०३१ र सो अन्तर्गत बनेका नियम तथा निर्देशिकामा उल्लिखित प्रावधानहरूको पालना गर्नु पर्नेछ ।"

(२) खण्ड (ख) पछि देहायका खण्ड (ग) र (घ) थपिएका छन् :-

"(ग) **करमुक्त पसलले पालना गर्नुपर्ने शर्तहरु :**

१. वण्डेड वेयर हाउसले कुटनैतिक सुविधा प्राप्त व्यक्ति, संस्था वा नियोगलाई मात्र बिक्री गर्नु पर्नेछ ।

२. करमुक्त पसलले मासिक विवरण बुझाउँदा बैङ्क ग्यारेन्टीको सुविधामा आयात गरेको मालसामानको विवरणसँगै बुझाउनु पर्नेछ ।

३. वण्डेड वेयर हाउसले भन्सार बिन्दुबाट मालसामान भित्राउँदा र बिक्रीका लागि गोदामबाट बाहिर निकाल्दा सो स्थानमा खटिएको अन्तःशुल्क कर्मचारीको

रोहवरमा मात्र त्यस्तो मालसामान भित्राउने र निकाल्नु पर्नेछ ।

(घ) **चुरोट र सुर्तीजन्य वस्तुको बिकी वितरण गर्ने इजाजतपत्रवालाले पालना गर्नुपर्ने शर्तहरु :**

१. दैनिक उपभोग्य वस्तुहरुको कारोबार गर्ने व्यवसायीले इजाजतपत्र लिई उपभोग्य वस्तुभन्दा अलग्गै बिकी स्थानबाट सूर्तीजन्य पदार्थको कारोबार गर्नु पर्नेछ ।

२. चुरोट र सूर्तीजन्य वस्तुको खरिद बिक्री गर्ने इजाजतपत्रवालाले चुरोट र सूर्तीजन्य वस्तु खरिद बिक्री गरेको वीजक राख्नु पर्नेछ ।

३. इजाजतपत्रवालाले अन्तःशुल्क टिकट टाँस भएको चुरोट र सूर्तीजन्य वस्तुको मात्र खरिद बिक्री गर्नु पर्नेछ ।

४. अठार वर्ष उमेर नपुगेका व्यक्तिलाई चुरोट र सूर्तीजन्य वस्तु खरिद बिक्री गर्ने कार्यमा लगाउन पाइने छैन ।

५. गर्भवती महिलाले चुरोट र सूर्तीजन्य वस्तु खरिद बिकी गर्न गराउन पाइने छैन ।

६. डिपार्टमेन्टल स्टोरले चुरोट र सूर्तीजन्य पदार्थको बिकी वितरणको लागि अलग्गै बिकी कक्षको व्यवस्था गर्नु पर्नेछ ।"

## सूचना-३

## आयकर (आठौं संशोधन) नियमावली, २०७५

आयकर नियमावली, २०५९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आयकर ऐन, २०५८ को दफा १३८ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "आयकर (आठौं संशोधन) नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. आयकर नियमावली, २०५९ को नियम ५ मा संशोधन : आयकर नियमावली, २०५९ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ५ झिकिएको छ ।

३. मूल नियमावलीको नियम ५क. मा संशोधन : मूल नियमावलीको नियम ५क.को,-

(१) उपनियम (१) मा रहेका "तीन महिनाभित्र" भन्ने शब्दहरुको सट्टा "छ महिनाभित्र" भन्ने शब्द राखिएका छन् ।

(२) उपनियम (२) मा रहेका "लेखा परीक्षण भएको वित्तीय विवरण" भन्ने शब्दहरुको सट्टा "आय विवरण" भन्ने शब्दहरु राखिएका छन् ।

## सूचना-४

## भन्सार (नवौं संशोधन) नियमावली, २०७५

भन्सार नियमावली, २०६४ लाई संशोधन गर्न वाञ्छनीय भएकाले, भन्सार ऐन, २०६४ को दफा ९२ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "भन्सार (नवौं संशोधन) नियमावली, २०७५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. भन्सार नियमावली, २०६४ को नियम २६ मा संशोधन : भन्सार नियमावली, २०६४ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २६ को,-

(१) नियम शीर्षक र सो नियममा रहेको "पैठारीकर्ताले" भन्ने शब्दको सट्टा "निकासीकर्ता वा पैठारीकर्ताले" भन्ने शब्दहरु राखिएका छन् ।

(२) खण्ड (क), (घ) र (छ) मा रहेको "पैठारी" भन्ने शब्दको सट्टा "निकासी वा पैठारी" भन्ने शब्दहरु राखिएका छन् ।

३. मूल नियमावलीको नियम २७ मा संशोधन : मूल नियमावलीको नियम २७ को,-

(१) उपनियम (१) र (२) मा रहेका "पैठारीकर्ताले" भन्ने शब्दको सट्टा "निकासीकर्ता वा पैठारीकर्ताले" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपनियम (४) मा रहेका "भन्सार अधिकृतले सम्बन्धित पैठारीकर्तालाई" भन्ने शब्दहरुको सट्टा "भन्सार परीक्षकले सम्बन्धित निकासीकर्ता वा पैठारीकर्तालाई" भन्ने शब्दहरु राखिएका छन् ।

४. मूल नियमावलीको नियम २८ मा संशोधन : मूल नियमावलीको नियम २८ को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ ।

"(१) जाँचपास पछिको परीक्षण गर्ने महानिर्देशक वा भन्सार परीक्षकले सो प्रयोजनका लागि आवश्यक देखेमा बैङ्क, वित्तीय संस्था एवं निकासीकर्ता वा पैठारीकर्ताको कारोबारसँग सम्बन्धित अन्य कुनै व्यक्ति वा निकायबाट सम्बन्धित निकासीकर्ता वा पैठारीकर्ता, निजको कारोबार वा मालवस्तुसँग सम्बन्धित भुक्तानी, बैङ्क खाता, नाफा नोक्सानको हिसाब, कर विवरण, बीजक र यस्तै अन्य आवश्यक कागजात पन्ध्र दिनको म्याद दिई माग गर्न सक्नेछ ।"

५. मूल नियमावलीको नियम ३५ मा संशोधन : मूल नियमावलीको नियम ३५ को उपनियम (२) मा रहेको "जिल्ला विकास समितिको" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित गाउँपालिका वा नगरपालिका" भन्ने शब्दहरु राखिएका छन् ।

६. मूल नियमावलीको नियम ६६ मा संशोधन : मूल नियमावलीको नियम ६६ को उपनियम (३) मा रहेका "सरलता ल्याउन स्थानीय रुपमा" भन्ने शब्दहरुको सट्टा "सरलता ल्याउन वा सीमावर्ती भन्सार कार्यालयसँग कार्य समयमा एकरुपता ल्याउन" भन्ने शब्दहरु राखिएका छन् ।

७. मूल नियमावलीमा नियम ६६घ. र ६६ङ. थप : मूल नियमावलीको नियम ६६ग. पछि देहायको नियम ६६घ. र ६६ङ. थपिएका छन् :-

"६६घ. **निकासी वा पैठारी सङ्केत नम्बर नवीकरण गराउनु पर्ने** :

(१) निकासीकर्ता वा पैठारीकर्ताले ऐनको दफा ८९ख.

बमोजिम लिएको निकासी वा पैठारी सङ्केत नम्बर प्रत्येक आर्थिक वर्षको लागि सो आर्थिक वर्ष शुरु हुनु अगावै विभाग वा विभागले तोकेको भन्सार कार्यालयमा निवेदन दिई नवीकरण गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम निवेदन दिँदा निवेदनसाथ पाँच हजार रुपैयाँ दस्तुर र देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछ :-

(क) कर चुक्ताको प्रमाणपत्र ,

(ख) नवीकरण गराउन चाहेको अवधिसम्म म्याद भएको तीन लाख रुपैयाँ बराबरको बैङ्क जमानत ।

(३) उपनियम (१) बमोजिम आर्थिक वर्ष शुरु हुनु अगावै नवीकरण गराउन नसकेमा देहाय बमोजिमको अवधिभित्र उपनियम (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बमोजिमको थप दस्तुर तिरी सोही आर्थिक वर्षभित्र नवीकरण गराउन सकिनेछ :-

(क) असोज मसान्तभित्र भए पचास प्रतिशत,

(ख) असार मसान्तभित्र भए शतप्रतिशत ।

(४) उपनियम (३) बमोजिम नवीकरण नगराएमा प्रत्येक आर्थिक वर्षको लागि उपनियम (१) बमोजिमको दस्तुरमा थप दशहजार रुपैयाँ दस्तुर तिरी पाँच वर्षसम्म नवीकरण गराउन सकिनेछ । सो अवधिभित्र पनि नवीकरण नगराएको सङ्केत नम्बर स्वतः खारेज हुनेछ ।

६६ङ. **समन्वय समिति** : (१) भन्सार जाँचपास प्रक्रियालाई सहज एवं सरलीकरण गर्न र समन्वयात्मक रुपमा भन्सार व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको एक समन्वय समिति रहनेछ :-

(क) महानिर्देशक, विभाग -संयोजक

(ख) महानिर्देशक, औषधी व्यवस्था विभाग - सदस्य

(ग) महानिर्देशक, खाद्य, प्रविधि तथा गुण नियन्त्रण विभाग - सदस्य

(घ) महानिर्देशक, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग - सदस्य

(ङ) महानिर्देशक, पशु सेवा विभाग - सदस्य

(च) महानिर्देशक, नेपाल गुणस्तर तथा नापतौल विभाग - सदस्य

(छ) महानिर्देशक, स्वास्थ्य सेवा विभाग - सदस्य

(ज) महानिर्देशक, कृषि विभाग -सदस्य

(झ) सशस्त्र प्रहरी बल, नेपालको सशस्त्र प्रहरी नायव महानिरीक्षक स्तरको प्रतिनिधि - सदस्य

(ञ) नेपाल प्रहरीको प्रहरी नायव महानिरीक्षकस्तरको प्रतिनिधि - सदस्य

(ट) प्रतिनिधि, नेपाल राष्ट्र बैङ्क - सदस्य

(ठ) विभागको नीति हेर्ने निर्देशक - सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समन्वय समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ ।

(३) संयोजकले आवश्यक ठानेमा समन्वय समितिको बैठकमा अन्य निकायका पदाधिकारी एवं व्यक्तिहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्न सक्नेछ ।"

**आज्ञाले,**
**शिशिर कुमार ढुङ्गाना**
**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०।-
गो.हु.द.नं. १६।२०६२।६३